**उप-निर्वाचन संक्षिप्त**

**2022 विधान परिषद् निर्वाचन समिति निर्वाचन क्षेत्रको उप-निर्वाचन बारे मतदान व्यवस्था**

- मतदान मिति: 18 डिसेम्बर 2022 (आईतबार)
- मतदान समय: बिहान 9:00 बजे देखि बिहान 11:30 बजे सम्म (तोकिएको मतदान केन्द्र(हरु) कारागार संस्थानहरु (यदि कुनै भएमा) र पेनीस् बे मतदान केन्द्र स्थापना गरिनेछ जसको मतदानको समय बिहान 9:00 बजे देखि बिहान 10:30 बजे सम्म हुनेछ ।)

**नामांकन अवधि**

- नामांकन अवधि: 1 नोभेम्बर देखि 14 नोभेम्बर 2022
- नामांकन फारमहरु दर्ता तथा निर्वाचन कार्यालय ("REO") को वेबसाइट (**www.reo.gov.hk**) बाट प्राप्त गर्न सकिन्छ, वा निम्न कार्यालयहरुबाट नि:शुल्क संकलन गर्न सकिन्छ:
  - जिल्ला कार्यालयहरु; वा
  - गृह मामिला सोधपुछ केन्द्रहरू; वा
  - निर्वाचन अधिकृतहरुको कार्यालयहरु (13/F, East Wing, Central Government Offices, 2 Tim Mei Avenue, Tamar, Hong Kong); र
  - REO का कार्यालयहरु (10/F, Harbour Centre, 25 Harbour Road, Wan Chai, Hong Kong or Unit 2301-03, 23/F, Millennium City 6, 392 Kwun Tong Road, Kwun Tong, Kowloon)

**निर्वाचित हुने सदस्यहरुको संख्या**

- निर्वाचन समिति निर्वाचन क्षेत्रका(“ECC”) चार सदस्यहरु

**नामांकन र उम्मेदवारी**

- एक उम्मेदवार 21 वर्ष वा माथिको हुनुपर्छ; भौगोलिक निर्वाचन क्षेत्रका लागि मतदाताको रूपमा दर्ता भएको हुनुपर्छ; विधान परिषद् अध्यादेश (क्याप. 542) को धारा 39 को आधारमा निर्वाचित हुन अयोग्य नभएको; मनोनीत हुनु भन्दा 3 वर्ष अगाडि देखि नै हङकङमा सामान्यरुपमा लगतै बसोबास गरिरहेको; र चिनियाँ नागरिक हुनुपर्छ, जो हङकङको स्थायी बासिन्दा हो जसलाई जनवादी गणतन्त्र चीन बाहेक कुनै पनि देशमा बस्ने अधिकार छैन। उम्मेदवार निर्वाचन समिति ("EC") को सदस्य हुनु आवश्यक छैन ।
- प्रत्येक उम्मेदवारलाई कम्तिमा 10 भन्दा माथि,तर बढिमा 20 भन्दा कम, EC का सदस्यहरुले, ECको 5 क्षेत्रहरु प्रत्येक बाट कम्तीमा 2 भन्दा माथि तर 4 भन्दा कम सदस्यहरु द्वारा मनोनित गरिनेछ ।
- ECका प्रत्येक सदस्यले 1 जना उम्मेदवार मात्र मनोनयन गर्न सक्नेछन् ।

## मतदान

- EC का सदस्यहरुले, उम्मेदवारहरुको नामावलीको आधारमा, गोप्य मतदानद्वारा भोट हाल्नेछन् । यदि मतपत्रमा निहित मतहरुको संख्या फिर्ता गर्ने सदस्यहरुको संख्या सँग बराबर भएमा मात्र मतपत्र मान्य हुन्छ । उप-निर्वाचनमा सबैभन्दा बढी मत ल्याउने चार जना उम्मेदवार निर्वाचनमा फिर्ता हुनेछन् ।

## कसले मतदान गर्न सक्छन्

- EC सदस्यहरुको अन्तिम नामावलीमा नाम समावेश भएका सदस्यहरु नामांकन र मतदान गर्न योग्य हुन्छन् ।

## मतदान कहाँ  गर्ने

- मतदाताहरूलाई मतदान गर्नको लागि एक ECC मतदान केन्द्र स्थापना गरिनेछ ।
- हिरासतमा रहेका मतदाताहरूलाई उपयुक्त भएमा पेनल इन्स्टिटूशन वा प्रहरी चौकीको=निर्धारित मतदान केन्द्रमा मतदान गर्ने व्यवस्था गरिनेछ ।
- स्थानिय आइसोलेसन वा क्वारेन्टाइन मापदण्डहरूका कारण मतदानको दिन ECC मतदान केन्द्रमा मतदान गर्न नसक्ने मतदाताहरूका लागि पेनीस् बे मतदान केन्द्र स्थापना गरिनेछ ।
- तोकिएको मतदान केन्द्रको जानकारी भएको पोल कार्ड मतदानको दिन भन्दा कम्तीमा 10 दिन अगाडि मतदातालाई जारी गरिनेछ ।
- मतदान केन्द्रहरू विशेष आवश्यकता भएका व्यक्तिहरू (ह्वीलचेयर प्रयोगकर्ता वा गतिशीलतामा कठिनाइ भएका व्यक्तिहरू) को लागि पहुँच योग्य छन् ।
- यदि मतदाताहरूलाई मतदान सम्बन्धी जानकारीको लागि दोभाषे सेवाको सहयोग चाहिन्छ भने, उनीहरूले निम्न हटलाइनहरू मार्फत सेन्टर फर हार्मनी एन्ड एन्हान्समेन्ट अफ एथनिक माइनोरिटी रेसिडेन्ट्स ("CHEER") लाई कल गर्न सक्छन् ।

| भाषा | हटलाइन नं. |
|---|---|
| बहासा इन्डोनेसिया | 3755 6811 |
| हिन्दी | 3755 6877 |
| नेपाली | 3755 6822 |
| पन्जाबी | 3755 6844 |
| तागालोग | 3755 6855 |
| थाई | 3755 6866 |
| उर्दू | 3755 6833 |
| भियतनामी | 3755 6888 |

**<u>मतदान कसरी दिने</u>**

- तपाईको हङ्कङ परिचय कार्ड ("HKID कार्ड") को सक्कल वा अन्य निर्दिष्ट वैकल्पिक कागजात(हरु) (कृपया विवरणहरुको लागि तलको भागमा "मतपत्र(हरु) संकलनका लागि आवश्यक कागजात(हरु)" मा हेर्नुहोस्) तपाईको निर्दिष्ट मतदान केन्द्रमा [18 डिसेम्बर 2022 (आईतबार) मतदान गर्ने समय अवधिमा (बिहान 9:00 बजे देखि बिहान 11:30 बजे सम्म) (तोकिएको मतदान केन्द्र(हरु) कारागार संस्थानहरु (यदि कुनै भएमा) र पेनीस् बे मतदान केन्द्रको मतदानको समय बिहान 9:00 बजे देखि बिहान 10:30 बजे सम्म हुनेछ ।)] र सँगै लिएर आउनुहोस्, र मतदान केन्द्र भित्रका मतदान कर्मचारीलाई बुझाउनुहोस्। मतदान कर्मचारीहरूले तपाईलाई आफ्नो अनुहारको मास्क एकैछिनको लागि हटाउन र भिजुअल जाँच गर्नको लागि अनुरोध गर्नेछन् ।तपाई ECC को मतदाता हुनुहुन्छ वा छैन भनी चेक गर्नको लागि मतदान कर्मचारीहरूले तपाईको HKID कार्ड स्क्यान गर्नको लागि इलेक्ट्रोनिक पोल रेजिस्टर ("EPR") प्रणालीको ट्याब्लेट प्रयोग गर्नेछन्। प्रमाणीकरण पछि, मतदान कर्मचारीहरूले तपाईलाई मतपत्र दिनेछन् र EPR प्रणालीले तपाईलाई मतपत्र जारी गरेको रेकर्ड गर्नेछ ।

- तपाईलाई कालो कलम पनि दिइनेछ । त्यस पछि, तपाई तुरुन्तै एक मतदान कक्ष तर्फ जानुपर्छ ।
- कृपया मतदान कर्मचारीले दिएका निर्देशनहरू पालना गर्नुहोस् साथै मतपत्रमा छापिएका सूचनाहरू र मतदान कक्ष भित्रको सूचनाहरू पालना गर्नुहोस्, र मतपत्रलाई मतदान कक्ष भित्र चिन्ह लगाउनुहोस् ।
- तपाईले मतपत्रमा पाँच **भन्दा कम वा** पाँच **भन्दा बढी** उम्मेदवारहरुलाई मत दिनु हुँदैन । मतदान केन्द्रले उपलब्ध गराएको कालो कलम प्रयोग गरी तपाईले छनौट गर्नु भएको उम्मेदवारहरुको नामहरुको विपरीत अण्डाकारमा कालो रंग भर्नु पर्छ ।
  प्रत्येक मतदान कक्ष एक पटकमा मात्र एक मतदाताद्वारा प्रयोग गरिन्छ ।मतदानको स्वायत्तता र मतको गोपनियता सिद्धान्तको आधारमा, मतदातालाई आफ्नो मत दिन सहयोग पुर्याउने वा सहयोग गर्ने कसैलाई पनि(यदि उ/उनी मतदाताका आफन्त वा साथी भएतापनि) कानून बमोजिम प्रतिबन्धित गर्दछ । मतपत्रमा आफैले चिन्ह लगाउन कठिनाई हुने मतदाताले कानून बमोजिम साक्षीकोरुपमा एक मतदान कर्मचारीको उपस्थितीमा अध्यक्षता अधिकारी ("PRO") वा PRO का सहायकलाई आफ्नो तर्फबाट छनौट गरेको उम्मेदवारलाई मतपत्रमा चिन्ह लगाउनको लागि अनुरोध गर्न सक्नेछ । तपाईले आफ्नो मतपत्र दोबार्नु हुँदैन । मतपत्रमा चिन्ह लगाएपछि, तपाईले मतपत्रमा चिन्ह लगाइएका उम्मेदवारहरूको संख्या पाँच भन्दा बढी वा कम छैन भनी जाँच गर्न मतदान केन्द्रमा जडान गरिएको अप्टिकल मार्क रिकग्निसन मेसिन प्रयोग गर्न छनौट गर्न सक्नुहुन्छ । मतदान केन्द्रमा जडान गरिएको अप्टिकल मार्क रिकग्निसन मेसिनले मतपत्रमा चिन्ह लगाइएका तपाईको छनोटहरू रेकर्ड वा गणना गर्दैन । तपाईले मतदान केन्द्रले उपलब्ध गराएको खाममा मतपत्र घुसाउनुपर्छ र खाममा रहेको मतपत्रलाई मतपेटिकामा हाल्नुपर्छ ।
- तपाईले मतपत्रमा चिन्ह लगाउदा त्रुटि गर्नुभयो वा अनजानमा मतपत्र बिग्रेको छ भने, तपाईले सो मतपत्र ("PRO") लाई फिर्ता गर्न र एक प्रतिस्थापनको लागि सोध्न सक्छ ।

**<u>मतपत्र संकलन गर्न आवश्यक कागजात(हरु)</u>**

- प्रचलित ऐन कानून अनुसार,मतपत्रको लागि आवेदन गर्ने व्यक्तिले उसको/उनको HKID कार्डको सक्कल वा निम्न निर्दिष्ट वैकल्पिक कागजात(हरु)प्रस्तुत गर्नु पर्नेहुन्छ:
    - एक मान्य HKSAR राहदानीको सक्कल; वा
    - छुट प्राप्त भएको प्रमाणपत्रको सक्कल; वा
    - HKID कार्डको लागि आवेदन स्वीकृति प्रदान गरिएको अनुमति पत्रको सक्कल; वा
    - व्यक्तिको मान्य सीमेनको परिचय पुस्तकको सक्कल; वा
    - भिसा प्रदान गर्ने उद्देश्यहरुका लागि व्यक्तिको परिचय प्रमाणित गर्ने मान्य कागजातको सक्कल;वा एक व्यक्तिको HKID कार्ड वा छुट प्राप्त भएको प्रमाणपत्र वा HKID कार्डको लागि आवेदन स्वीकृति प्रदान गरिएको अनुमति पत्र हराएको वा बिग्रेको प्रमाणित गर्न पुलिस अधिकारीलाई रिपोर्ट गरेको कागजात (सामान्यतयामा "हराएको सम्पत्तीको एक विवरणको पूर्जी"), साथै मान्य राहदानीको सक्कल* वा त्यस्तै यात्रा गर्न मिल्ने कागजातमा (जस्तै HKSAR राहदानी बाहेक अर्को राहदानी वा होम रिटर्न पर्मिट) उसको/उनको नाम र फोटो भएको कागजात।

      * ब्रिटिश नेशनल (ओभरसीज) (BN(O)) राहदानी एक मान्य ट्राभल डकुमेण्ट र पहिचानको लागि प्रमाणपत्र होईन।

- विवरणका लागि,कृपया निर्वाचन मामिला आयोग (निर्वाचन प्रक्रिया) (विद्यान परिषद्) नियमावली (क्याप. 541D)को धारा 50 मा हेर्नुहोस्।

**<u>आवश्यकतामा परेका मतदाताहरुका लागि विशेष लाइन</u>**

- केवल मतदाताहरुलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति छ।
- "निष्पक्ष र समान व्यवहार" को सिद्धान्त अन्तर्गत, मतदाताहरुले मतदान गर्न लाइनमा पर्खिनुपर्छ। यदि PRO लाई मतदान केन्द्रमा मत दिन आउने व्यक्ति वा भित्र उपस्थित हुने व्यक्ति तल वर्णन गरे अनुसारमा पर्दछ भनि सन्तुष्ट हुन्छ भने, मतपत्रको लागि आवेदन दिन PRO ले सो व्यक्तिलाई तुरुन्तै तोकिएको क्षेत्र वा यदि लाइन त्यो क्षेत्रबाट सुरु हुन्छ भने लाइनको अन्त्यमा अगाडि बढ्न निर्देशन दिन सक्छ –

  - 70 वर्ष भन्दा माथिको उमेर भएको *;
  - जो गर्भवती छ; वा
  - जो लामो समय प्रतीक्षा गर्न सक्षम छैन वा रोग, चोट, अशक्तता वा गतिशीलता उपकरणहरुमा निर्भरताको कारण लाइनमा पर्खन कठिनाई हुन्छ।

  * निम्न व्यक्ति सहित –

  - जसको कागजातले जन्म दिन र महिना बिना सो व्यक्तिको जन्म वर्ष मात्रै देखाउँछ, जुन

मतदान हुने साल भन्दा 70 वर्ष अगाडिको भएमा;
    - जसको कागजातले जन्म दिन बिना, व्यक्तिको जन्म वर्ष मतदान हुने साल भन्दा 70 वर्ष अगाडिको भएको देखाउँछ र सो व्यक्तिको जन्म महिना मतदानको दिन पर्ने महिनासँग एउटै परेको भएमा ।
- PROले माथिको मतदाताहरुले इच्छा गरेमा विश्राम लिनको लागि, मतदान केन्द्र भित्र बस्ने ठाउँ पनि तोक्नेछ । आराम पछि, तिनीहरुले मतपत्र जारी गर्ने टेबुलमा जानका लागि निर्देशित हुनु अघि विशेष लाइनमा प्रतीक्षा गर्न सक्दछन् ।
- मतदानको स्वायत्तता र मतको गोप्यनियता सिद्धान्तको आधारमा, मतदातालाई आफ्नो मत दिन सहयोग पुर्याउने वा सहयोग गर्ने कसैलाई पनि (यदि ऊ/उनी मतदाताका आफन्त वा साथी भएतापनि) कानून बमोजिम प्रतिबन्ध छ ।मतदाता जसलाई आफैले मतपत्रमा चिन्ह लगाउन कठिनाई हुन्छ, कानून बमोजिम, उनीहरुले PRO वा PRO को सहायकलाई उसको/उनको मतदान प्राथमिकता अनुसार, एक मतदान अधिकारीलाई साक्षीको रुपमा उपस्थित गराई मतपत्रमा चिन्ह लगाउन सक्छ । उपयुक्त भएको खण्डमा, PRO ले विवेक प्रयोग गरी अन्य व्यक्तिले साथको आवश्यकता पर्ने मतदातालाई सो मतदाताहरुसँगै विशेष लाइन प्रयोग गर्न दिन अनुमति दिइएको छ ।

**<u>मतदाताहरुका लागि जाँच गर्नका लागि सूची</u>**

- भ्रष्टाचार विरुद्धको स्वतन्त्र आयोग ("ICAC") द्वारा लागू निर्वाचन (भ्रष्टाचार र अवैध आचरण)अध्यादेश (क्याप. 554) बमोजिम, मतदाताले हङकङ वा अन्यत्र निम्न कार्यहरु गर्नु हुँदैन:
    - अर्को व्यक्तिलाई मत नदिन वा निर्वाचन अवधिको समयमा सार्वजनिक रुपमा कुनै गतिविधिद्वारा चुनावमा अवैध मत दिनको लागि उत्साहित गरेमा ।
    - चुनावमा अर्को व्यक्तिलाई मतदान गर्न जान बाधा गर्छ र रोक्छ ।
    - कुनै पनि फाईदा (पैसा, उपहार, आदि सहित), खाना, पेय वा मनोरञ्जनका लागि कुनै पनि व्यक्तिबाट चुनावमा मतदान नदिन, वा कुनै विशेष उम्मेदवार वा विशेष उम्मेदवारहरुलाई मत दिन वा नदिन माग गर्न वा स्वीकार गर्नु हुँदैन ।
    - कुनै पनि फाईदा (पैसा, उपहार, आदि सहित), खाना, पेय वा मनोरञ्जन कुनै पनि व्यक्तिलाई प्रेरणाको रुपमा प्रदान गर्दछ वा पछिल्लोलाई कुनै चुनावमा मतदान नगर्न, वा मतदान गर्न वा कुनै विशेष उम्मेदवारलाई वा विशेष उम्मेदवारहरुलाई मत नदिने प्रस्ताव गर्दछ ।
    - कुनै पनि व्यक्तिलाई पछिल्लो व्यक्तिलाई चुनावमा मतदान गर्न वा नदिन, वा मतदान गर्न वा कुनै विशेष उम्मेदवार वा विशेष उम्मेदवारलाई मत नदिनेको लागि उक्साउनेको लागि कुनै पनि व्यक्ति विरुद्ध बल वा कवच प्रयोग गर्न वा धम्की दिन ।
    - कुनै व्यक्तिलाई मत हाल्ने वा कुनै खास उम्मेदवार वा विशेष उम्मेदवारलाई मत नदिने, वा चुनावमा मत नदिने प्रलोभनमा उक्साउँछ ।
    - मत हाल्न योग्य हुनुहुन्न भन्ने थाहा हुँदाहुँदै पनि चुनावमा मत हालेमा ।
    - कुनै निर्वाचन अधिकारीलाई जानाजानी वा बेपर्वाह गलत वा भ्रमपूर्ण जानकारी

(उदाहरणका लागि झूटो प्रमुख आवासीय ठेगाना)दिएर पछि चुनावमा मतदान गर्छ ।

निम्न कार्यहरु पनि मतदान केन्द्रहरुमा प्रतिबन्धित छन्:

- ○ अन्य मतदाताहरु सँग कुराकानी सहित अरुलाई तपाईको मतपत्रको मत देखाउने वा मोबाइल टेलिफोन वा इलेक्ट्रोनिक संचारको लागि कुनै अन्य उपकरण प्रयोग गर्ने ।
- ○ फिल्मिङ, फोटो लिने वा कुनै अडियो वा भिडियो रेकर्डिङ गर्ने ।
- ○ अन्य मतदाताहरुलाई तपाईको मतपत्रमा चिन्ह लगाउन आग्रह गर्ने । आवश्यकता परेको खण्डमा तपाईले कानून बमोजिम मतदान अधिकारीको उपस्थितिमा PRO लाई तपाईको मतपत्रमा चिन्ह लगाउन अनुरोध गर्न सक्नुहुन्छ ।
- ○ मत हाल्ने अन्य मतदाताहरुलाई हस्तक्षेप गर्ने ।

- ICAC ले प्रासंगिक जानकारी प्रदान गर्न एक स्वच्छ निर्वाचन वेबसाइट स्थापना गरेको छ (दुवै अंग्रेजी र चिनियाँमा)। कृपया www.icac.org.hk/elections मा हेर्नुहोस् ।

**<u>मतदान केन्द्रहरू र केन्द्रीय मतगणना केन्द्रहरूमा COVID-19 को प्रतिक्रियामा महामारी विरुद्ध उपायहरू</u>**

- COVID-19 को संक्रमण रोक्न, REO ले निम्न व्यवस्थाहरु अपनाउनेछ:

**मतदान केन्द्रहरु**

- ○ ECC मतदान केन्द्रमा सबै मतदान कर्मचारीहरूले सर्जिकल मास्क लगाउन आवश्यक छ । मतपत्र जारी गर्ने डेस्क, PRO डेस्क आदिमा कर्मचारी र मतदातालाई अलग राख्न पारदर्शी विभाजन राखिने छ ।
- ○ मतदातालाई मतदान गर्नका लागि पाँच निर्वाचन आयोगका क्षेत्र अनुसार फरक-फरक समय निर्धारण गरिने छ ।
- ○ निर्वाचक, उम्मेदवार र तिनीहरूका एजेन्टहरूले ECC मतदान केन्द्रमा प्रवेश गर्नु अघि आफ्नो मास्क लगाउनु पर्छ र प्रवेशद्वारमा प्रदान गरिएको ह्यान्ड सेनिटाइजरले हात सफा गर्न आवश्यक छ ।
- ○ मतदाताहरु, उम्मेदवारहरु र एजेन्टहरूको मतदान केन्द्रहरुमा आगमन पछि उनीहरुको शरीरको तापमान जाँच गर्न इलेक्ट्रोनिक थर्मामीटर सबै मतदान केन्द्रहरुमा जडान गरिएका छन् ।
- ○ मतदान केन्द्रका कर्मचारीहरुले मतदानको दिन बिहान COVID-19 र्यापिड एन्टिजेन टेस्ट गर्नु पर्ने हुन्छ र मतदान केन्द्रहरुमा कामको लागि उपस्थित हुनु अघि नेगेटिभ परिणाम प्राप्त गर्न आवश्यक छ । ज्वरो वा श्वासप्रश्वासको लक्षणहरु, वा स्वाद/गन्ध अचानक हराएमा मतदान कर्मचारीहरुलाई चुनावी कर्तव्य निर्वाह गर्न दिइने छैन जबकि उम्मेदवारहरु/एजेन्टहरुलाई मतदान केन्द्रहरुमा प्रवेश गर्न दिइने छैन तर उम्मेदवारहरुले अर्को प्रतिनिधिलाई मतदान हेर्न अधिकार दिन सक्नेछन् ।
- ○ ज्वरो वा श्वासप्रश्वासको लक्षणहरु वा स्वाद/गन्ध अचानक हराएका मतदाताहरुलाई मतदान केन्द्रहरुमा निर्धारित कक्षहरुमा मत दिन तोकिनेछ ।
- ○ मतदान केन्द्रहरुमा मतदाताहरुलाई सामाजिक दुरी कायम राख्न सम्झाउन हातमा प्लेकार्ड र

संकेतहरु प्रदर्शन गरिनेछ।

**केन्द्रीय मतगणना स्टेशन [1]**

- केन्द्रीय मतगणना स्टेशनका सबै कर्मचारीहरुले सर्जिकल मास्क र पन्जा लगाउन आवश्यक छ। पारदर्शी सुरक्षात्मक पर्दा पनि दर्ता र सोधपुछ काउन्टरहरुमा लगाइनेछ । सार्वजनिक ग्यालरीहरूको अधिकतम क्षमता तय गरी सामाजिक दूरीका उपायहरू कडाइका साथ लागू गरिनेछ ।
- केन्द्रीय मतगणना केन्द्रमा प्रवेश गर्ने वा बस्ने सबै व्यक्तिहरू (EC सदस्यहरु लगायत), निर्दिष्ट चिकित्सा छूट प्रमाणपत्रहरू भएकाहरूको वा अन्य छुट प्राप्त व्यक्तिहरू, केन्द्रीय गणना स्टेशन प्रवेश गर्नु अघि COVID-19 खोपको कमसेकम 3 खुराकहरु प्राप्त गरेको हुनुपर्नेछ।
- सबै मतगणना केन्द्रका कर्मचारीहरुले मतदानको दिन बिहान COVID-19 र्यापिड एन्टिजेन टेस्ट गर्नु पर्ने हुन्छ र केन्द्रीय मतगणना केन्द्रमा कामको लागि उपस्थित हुनु अघि नेगेटिभ परिणाम प्राप्त गर्न आवश्यक छ। ज्वरो वा श्वासप्रश्वासका लक्षणहरू, वा स्वाद/गन्ध अचानक हराएमा गणना गर्ने कर्मचारीहरूलाई गणना कर्तव्यहरू निर्वाह् गर्न अनुमति दिइने छैन।
- उम्मेदवारहरू र उनीहरूका एजेन्टहरू, सञ्चारकर्मीहरू र सर्वसाधारणहरुले केन्द्रीय मतगणना केन्द्रमा पुगेपछि उनीहरूको शरीरको तापक्रम जाँच गर्न केन्द्रीय मतगणना केन्द्रमा इलेक्ट्रोनिक थर्मोमिटरहरूको जडान गरिएको छ। ज्वरो वा श्वासप्रश्वासका लक्षणहरू भएका कुनै पनि व्यक्ति (उम्मेदवार र एजेन्टहरू सहित), वा अचानक स्वाद/गन्ध हराएका व्यक्तिहरुलाई केन्द्रीय मतगणना केन्द्रमा प्रवेश गर्न दिइने छैन । यदि उम्मेदवारहरू/एजेन्टहरूलाई ज्वरो वा श्वासप्रश्वासका लक्षणहरू छन्, वा अचानक स्वाद/गन्ध हराएमा, उम्मेदवारहरूले गणना अवलोकन गर्न अर्को एजेन्ट नियुक्त गर्न सक्छन्।
- केन्द्रीय गणना स्टेशनभित्र ह्यान्ड सेनिटाइजरहरू उपलब्ध गराइनेछ।
- REO ले केन्द्रीय मतगणना स्टेशन खोल्नु अघि केन्द्रीय मतगणना स्टेशनमा गैर-धातु सतहका फर्निचरहरूलाई (जस्तै गणना टेबुलहरु, रिसेप्शन काउन्टरहरु, कुर्सीहरू, आदि) कीटाणुरहित गर्न पातलो ब्लीच प्रयोग गर्ने व्यवस्था गर्ने छ।

---

[1] केन्द्रीय मतगणना केन्द्रका लागि प्रस्तावित सुरक्षा उपायहरू सञ्चार केन्द्रका लागि पनि अपनाईनेछ।